

# WOMEN IN LEADERSHIP

*Achieving an equal future in a COVID-19 world*

# महिला नेतृत्व

कोभिड-१९ को विश्व परिप्रेक्ष्यमा समान भविष्यको प्राप्ति

# Women in Leadership:

## Achieving an equal future in a COVID-19 World

*Every year International Women's Day (IWD) is organized to celebrate the achievements of women in social, economic, cultural and political spheres while also making a call to action for strengthening gender equality and women empowerment. This year's United Nations theme for International Women's day is " Women in Leadership: Achieving an equal future in a COVID-19 world". As the entire world continues to fight against the COVID-19 crisis, this year's theme vows to celebrate the tremendous efforts put forth by women and girls around the world in shaping a more equal future and recovery from the COVID-19 pandemic. Women across the world are facing increased domestic violence, unpaid care duties, additional care responsibilities, unemployment and poverty. Amidst this, women also continue to take up responsibilities of front-line workers and care-givers.*

*Recent literature shows that countries headed by women leaders were more efficient in mitigating the impacts of the pandemic. Needless to say, the COVID-19 crisis has not just highlighted the contributions and burdens women carry but has also highlighted their leadership skill, different experiences, and perspectives to set foundations for equitable society.*

*Local governments in Nepal too are taking a lead role in the country's COVID-19 response and addressing the socio-economic divisions the pandemic has exacerbated. Elected women representatives are actively engaged in the COVID-19 response, including establishing quarantine facilities, conducting COVID-19 awareness programs and relief distribution while also fulfilling their existing duties as elected officials. While doing all this, elected women, however, continue to face compounded challenges to their authority due to the masculine governance landscape and heavily ingrained patriarchy in society.*

*Against this backdrop, to celebrate this year's IWD, the Australian Embassy intends to celebrate and highlight the experiences and perspectives of elected women representatives, including their leadership in the pandemic response and recovery. It further encourages the elected representatives to share their personal story, their achievements, the challenges that they faced while carrying out their roles and responsibilities and their vision for their political career and in life. All the featured participants are part of the Australian Government's Sub-National Governance Program in Nepal and "She Leads" Program co-funded with the Swiss Government.*

# महिला नेतृत्व

## कोभिड-१९ को विश्व परिप्रेक्ष्यमा समान भविष्यको प्राप्ति

सामाजिक, आर्थिक, साँस्कृतिक, र राजनीतिक वृत्तमा महिलाहरूले हासिल गरेको उपलब्धीलाई सम्मान गर्न प्रत्येक वर्ष अन्तर्राष्ट्रिय महिला दिवसको आयोजना गरिनुका साथै यस दिनमा लैंगिक समानता र महिला सशक्तिकरणलाई सुदृढ गर्न आवश्यक क्रियाशिलताको पनि आव्हान गरिन्छ । यस वर्ष, संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय महिला दिवसको नारा "महिला नेतृत्व" कोभिड-१९ को विश्व परिप्रेक्ष्यमा समान भविष्यको प्राप्ति" भनेको छ । यस वर्षको नाराले सारा विश्वले कोभिड-१९ को कहर विरूद्धको लडाईंलाई निरन्तरता दिइरहेको समयमा यस महामारीबाट निस्कन र समान भविष्य सिर्जना गर्न विश्वव्यापी रूपमा महिला र बालिकाहरूले गरेका सशक्त प्रयासहरूलाई सम्मान गरेको छ । विश्वभरी नै महिलाहरूले घरेलु हिंसा, पारिश्रमिक बिनाको स्याहार सुसारको काम, र त्यस सम्बन्धी थप जिम्मेवारी, बेरोजगारी, र गरिबी भोगिराखेका छन् । यी परिस्थितिहरू बीच पनि, महिलाहरूले अनवरत रूपमा अग्रपंक्तिमा रहने र स्वास्थ्य सेवा दिने व्यक्तिहरूको जिम्मेवारी निभाइनै रहेका छन् । पछिल्लो प्रकाशनहरूका अनुसार राष्ट्र प्रमुख महिला भएका देशहरूले महामारीको दुषप्रभावलाई कुशलताका साथ सम्बोधन गरेका थिए भन्ने देखाउँछ । कोभिड-१९ को कहरले महिलाहरूले बोक्ने भार र योगदानलाई मात्र नभएर समतामूलक समाजको जग बसाल्ने उनीहरूको दृष्टिकोणलाई पनि उजागर गरेको छ ।

कोभिड-१९ सम्बन्धी व्यवस्थापन र यस महामारीले बढाएको सामाजिक-आर्थिक खाडललाई सम्बोधन गर्नको लागि नेपालको स्थानीय सरकारले अग्रणी भूमिका खेलेको छ । क्वारेन्टाइन केन्द्रहरूको स्थापना गर्ने, कोभिड-१९ सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, राहत वितरणका साथै निर्वाचित जनप्रतिनिधिको रूपमा हुने आफ्नो जिम्मेवारीहरू पुरा गर्दै निर्वाचित महिला जनप्रतिनिधिहरू सक्रियताका साथ

कोभिड-१९ को व्यवस्थापनको लागि कटिबद्ध छन् । निर्वाचित महिला जनप्रतिनिधीहरूले यी सब जिम्मेवारीहरू पुरा गर्दा पनि पुरूषप्रधान शासकीय परिवेश र पितृसत्ताले जकडेको समाजमा उनीहरूले निरन्तरताका साथ चुनौतीहरू भोगिरहेका छन् ।

यस्तो परिप्रेक्ष्यमा यस वर्षको अन्तर्राष्ट्रिय महिला दिवसका दिन, अष्ट्रेलियन दुतावासले निर्वाचित महिला जनप्रतिनिधीहरूले कोभिड-१९ महामारीको व्यवस्थापनको लागि देखाउनु भएको नेतृत्वदायी भूमिका सहित समग्रमा वहाँहरूको आफ्नो अनुभव र सोचलाई उजागर र सम्मान गर्दैछ । यसका साथै दुतावासले वहाँहरूलाई आफ्नो कार्यक्रम - सुशोभन, अष्ट्रेलियन दुतावास महिला सम्मेलन २०२१ - मा आमन्त्रण गरेको छ । उक्त सम्मेलन यही १७ मार्च २०२१ का दिन हुनेछ ।

यस प्रकाशनले महिला सम्मेलनमा सहभागी हुने निर्वाचित जनप्रतिनिधिहरूको व्यक्तिगत कथा, उहाँहरूको उपलब्धी, र आफ्नो भूमिका र जिम्मेवारी बहन गर्दा उहाँहरूले सामना गर्नु भएको चुनौतिहरू, उहाँहरूहरूको राजनीतिक र व्यक्तिगत जीवनका लक्ष्यको बारेमा संक्षिप्त जानकारी दिएको छ । यस प्रकाशनमा उल्लिखित सबै जनप्रतिनिधि सहभागिहरू अष्ट्रेलियन सरकारको "स्थानीय सरकार सबलीकरण कार्यक्रम" र स्विस सरकारसँगको सहकार्यमा सञ्चालन गरिएको शि लिड्स (She Leads) कार्यक्रमका सहभागीहरू हुन् ।

# Deputy Mayors

# नगर उप-प्रमुखहरू



## Geeta Adhikary

Deputy Mayor
Damak Municipality, Province 1

*An Associate Professor of Economics, deputy mayor Geeta taught for 28 years before she decided to fully venture into politics. She marked her beginning in politics as a general member of All Nepal Women's Association of the Communist Party of Nepal (UML).*

*As the deputy of Damak, Geeta has brought commendable changes in the health and education sector, while at the same time worked effortlessly for skill enhancement and capacity building of marginalized groups. She aspires to create employment opportunities within Damak and ensure that the region leads by example as the constituency with zero tolerance for sexual abuse and exploitation.*

# गिता अधिकारी

**नगर उपप्रमुख**
**दमक नगरपालिका**
**प्रदेश नम्बर १**

राजनीतिमा पूर्णकालीन रूपले सहभागी हुनअघि नगर उपप्रमुख गिता अर्थशास्त्रमा सह-अध्यापक हुनुहुन्थ्यो र वहाँ २८ वर्ष अध्यापन पेशामा क्रियाशिल हुनुहुन्थ्यो । वहाँले तत्कालीन एमाले को भगिनि संगठन अखिल नेपाल महिला संगठनको साधारण सदस्यको रूपमा राजनीतिमा प्रवेश गर्नुभयो ।



दमकको उपप्रमुखको रूपमा, उहाँले स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा प्रशंशनीय परिवर्तनहरू ल्याउनुका साथै सिमान्तकृत समुदायहरूको सिपलाई परिस्कृत गर्न र उनीहरूको क्षमता बिकास गर्नको लागि डटेर काम गरेकी छिन् । दमक भित्र रोजगारका अवसरहरूको सिर्जना गर्न उनी उत्प्रेरित छिन् । यसका साथै आफ्नो क्षेत्रलाई यौनजन्य हिंसा र शोषणको विरूद्ध शुन्य सहनशिलता अपनाउने उदाहरणीय क्षेत्र बनाउन कटिबद्द छिन् ।





## Kamala Bashnet

Deputy Mayor
Bhimeshwor Municipality,
Bagmati Province

*Deputy mayor Kamala has previously served as the district president of Federation of Community Forestry Users in Nepal and has been a strong advocate of social justice since her youth. She joined Communist Party of Nepal (UML), after the 1990s democracy movement,motivated by her childhood filled with struggles.*

*A staunch environmentalist, she is constantly researching sustainable solutions to uplift her community. Translating her leadership on the front lines of the grassroots community forestry movement into electoral success, she aspires to become mayor of her municipality in the future.*



## कमला बस्नेत

**नगर उपप्रमुख**
**भिमेश्वर नगरपालिका**
**बागमती प्रदेश**

नगर उपप्रमुख कमला यस अघि सामुदायिक वन उपभोक्ता महासंघको जिल्ला अध्यक्ष रहिसक्नु भएको छ । वहाँ आफ्नो युवा अवस्थादेखी नै सामाजिक न्यायको सशक्त आवाज हुनुहुन्थ्यो । वहाँले वि.सं. २०४६ को जनआन्दोलन पश्चात नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रवेश गर्नुभएको थियो । यसो गर्नको लागि वहाँलाई आफ्नो बाल्यकालको संघर्षले प्रेरित गरे को थियो ।

कटिबद्द पर्यावरणविद् भएकोले पनि आफ्नो समुदायलाई दिर्घकालिन समाधानहरूद्वारा कसरी उत्थान गर्ने भन्ने विषयमा वहाँ निरन्तर अध्ययन गर्नुहुन्छ । वन सम्बन्धी समुदायको स्थानिय अभियानको अग्रपंक्तिमा रहेको आफ्नो नेतृत्वलाई निर्वाचनमा सफल बनाएकी कमला भविष्यमा आफ्नो नगरपालिकाको नगर प्रमुखहुने लक्ष्य राख्छिन् ।





## Kalpana Tiwari

Deputy Mayor
Waling
Gandaki Province

*With more than 25 years of political experience, deputy mayor of Waling Kalpana Tiwari also served as district chairperson of Nepal Women Association, a sister wing of Nepali Congress. Her commendable efforts in ensuring access to justice for all, through her leadership of judicial committee has earned her appreciation and recognition over her tenure. She has also been working to form women groups across her constituency and create a network between these groups. Kalpana aspires to see women in influentialdecision-making positions of the government and wants to work towards enhancingpolitical literacy among women.*

## कल्पना तिवारी

**नगर उपप्रमुख**
**वालिंङ**
**गण्डकी प्रदेश**

२५ वर्षको राजनीतिक अनुभव भएकी वालिंङकी उपप्रमुख कल्पना तिवारी नेपाली कांग्रेसको भगिनी संगठन नेपाल महिला संघको जिल्ला अध्यक्ष पनि रहिसकेकी छिन् । आफ्नो कार्यकालमा न्यायिक समितिको सदस्यको नेतृत्व गर्दै सबैको लागि न्यायको सुनिश्चितता गर्ने वहाँका प्रशंसनिय प्रयासहरूले गर्दा उनलाई सराहना र चिनारी दुवै मिलेको छ ।

उनी आफ्नो कार्यक्षेत्रभरी महिला समूहहरू गठन गर्नुका साथै यी समूहहरूको एक सञ्जाल पनि सिर्जना गर्न कार्यरत हुनुहुन्छ । निर्णय गर्ने प्रभावशाली सरकारी संयन्त्रहरूमा महिलाहरू देख्न चाहने उपप्रमुख कल्पना महिलाहरूको राजनीतिक साक्षरतालाई बढोत्तर गर्न कार्यरत हुन चाहना राख्दछिन् ।








## Keshari Rawal Bist

Deputy Mayor
Tikapur
Sudurpashichim Province

*With an educational background in health, deputy mayor Keshari has prioritized equitable access to health services in the municipality. During her tenure as a deputy, she has brought programs to discourage child marriage in the region and instead prioritize their studies and wellbeing. Her efforts have been centered around creating a prospering environment for marginalized and vulnerable groups through training programs and employment opportunities. She has also been catering to address the needs under maternity health service in the municipality, which include free ambulance services, free health check-ups, and easy access to medical attention.On her initation, the municipality has hired a full time women & children's health specialist in the local hospital. She plans to continue her efforts in addressing the needs of marginalized and vulnerable groups and introduce policies to strengthen health system in the region.*



## केशरी रावल बिष्ट

**नगर उपप्रमुख**
**टिकापुर**
**सुदुरपश्चिम प्रदेश**

स्वास्थ्य सम्बन्धी शैक्षिक पृष्ठभूमी भएकी नगर उपप्रमुख केशरीले नगरपालिकामा स्वास्थ्यमा सबैको न्यायसँगत पहूँचको विषयलाई प्राथमिकतामा राखेकी छिन् । उहाँले आफ्नो कार्यकालमा आफ्नो क्षेत्रमा बालविवाहलाई दुरूत्साहित गर्दै बालबालिकालाई आफ्नो स्वास्थ्य र पढाईलाई प्राथमिकता दिन प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरेकी छिन् ।

उनका प्रयासहरू, तालिम र रोजगारका अवसरहरू मार्फत सिमान्तकृत र जोखिममा भएका समुदायका लागि समृद्धी उन्मुख वातावरणको सिर्जना गर्नेतिर केन्द्रित छन् । उनी नगरपालिका भित्र मातृ स्वास्थ्य सेवा अन्तर्गत पर्ने सेवाहरूको पनि सम्बोधन गर्न क्रियाशिल छिन् । यी सेवा भित्र नि:शुल्क एम्बुलेन्सको सुविधा, नि:शुल्क स्वास्थ्य परिक्षण, र स्वास्थ्य सेवामा सजिलो पहूँच, आदि पर्दछन् । उनकै पहलमा, महानगर पालिकाले पूर्णकालीन महिला तथा बालबालिका विज्ञको सेवालाई स्थानीय अस्पतालमा उपलब्ध गराएको छ । सिमान्तकृत र जोखिममा भएका समुदायका आवश्यकताको सम्बोधन गर्न प्रयासरत रहनुका साथै आफ्नो क्षेत्रमा स्वास्थ्य व्यवस्थालाई सुदृढ बनाउनको लागि नीतिहरू ल्याउने उनको योजना छ ।



## Laxmi Devi Pathak

Deputy Mayor
Tansen Municipality,
Lumbini Province

*Deputy mayor Laxmi Devi unintentionally started her political journey in a very young age, when she followed in the footsteps of her brothers, who were then active members of Communist Party of Nepal (UML). Her political aspirations gained momentum with time as she started participating in various movements and rallies for various social causes. Now, as the deputy her priority has been to create employment opportunities in the region, ensure communal harmony by actively leading judicial committee and introduce capacity building and self-employment trainings for women and marginalized groups. Her vision is to advance education and health sector in Tansen and increase transport accessibility for all.*








## लक्ष्मी देवी पाठक

**नगर उपप्रमुख**
**तानसेन नगरपालिका**
**लुम्बिनी प्रदेश**

नगर उपप्रमुख लक्ष्मीदेवीका दाइहरू नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सदस्य थिए । उनले पनि त्यही बाटो पहिल्याउँदै सानै उमेर देखि आफ्नो राजनीतिक जीवन शुरू गर्नु भयो । विभिन्न सामाजिक मुद्दाहरू सम्बन्धीत आन्दोलन र ऱ्यालीहरूमा भाग लिँदैगर्दा उनको र ाजनीतिक लक्ष्यहरू पनि बढ्दै गए । हाल, नगर उपप्रमुखको रूपमा उनको प्राथमिकतामा आफ्नो क्षेत्रमा रोजगारका अवसरहरू सिर्जना गर्न, न्यायिक समितिलाई सक्रिय नेतृत्वका साथ सामुदायिक सद्भावलाई सुनिश्चित गर्न, र महिला तथा सिमान्तकृत समुदायका लागि क्षमता बिकास र स्व-रोजगारका तालिमहरू दिने जस्ता विषयहरू पर्दछन् । उनको लक्ष्य भनेको तानसे नमा शिक्षा र स्वास्थ्य क्षेत्रलाई बढोत्तर गर्नु र सबैको लागि यातायातको पहूँच बढाउनु हो ।

## Mohanmaya Dhakal

Deputy Mayor
Birendranagar Municipality
Karnali Province



*A political scientist by education, Mohanamaya is a central committee member of Nepal Communist Party. She started her political journey in college when she joined the student wing of Communist Party of Nepal(UML). Since being elected as the deputy, Mohanmaya has introduced plans and programs to escalate infrastructure development projects in the region. Further, the deputy has introduced various trainings and has used a structured approach to execute plans and policies by formulating laws to empower women and marginalized groups.*

*Her vision is to bring about positive changes in the community through her political and social presence.*



# मोहनमाया ढकाल

**नगर उपप्रमुख**
**विरेन्द्रनगर नगरपालिका**
**कर्णाली प्रदेश**

उपप्रमुख मोहनमायाको शिक्षा राजनीतिशास्त्र हो । उनी नेपाल कम्युनिष्ट पार्टीकी केन्द्रिय सदस्य हुन् । उनको राजनीतिक जीवनको शुरूवात कलेजमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को विधार्थी संगठनबाट भएको थियो । उपप्रमुखमा निर्वाचित भएपश्चात उनीले आफ्नो क्षेत्रमा भौतिक पूर्वाधारहरूको विकासलाई द्रुतगतिमा लानको लागि योजना र कार्यक्रमहरू अगाडी ल्याउनु भएको छ ।




यसका साथै, उहाँले विविध तालिमहरूको आयोजना गर्नुका साथै महिला तथा सिमान्तकृत समुदायलाई सशक्त बनाउनको लागि नीति र योजनाहरूको कार्यान्वयन गर्न संरचित विधी अपनाउनु भएको छ । आफ्नो राजनीतिक र सामाजिक उपस्थितिद्वारा समाजमा सकारात्मक परिवर्तनहरू ल्याउने उहाँको लक्ष्य छ ।



## Rahima Khatun

Deputy Mayor
Kalaiya Sub-Metropolitan City,
Province 2

*A single mother of nine children, deputy mayor Rahima's husband was killed during the People's War. He was an active Nepali Congress leader. However, she didn't let her personal loss and lack of educational background from being an active member of Nepali CongressParty and winning the election. As a Muslim woman, she aspires to empower Muslim women in her community so they can participate in public life. She has initiated conferences and skills development for women in the Muslim community and aspires to lead by example.*



## रहीमा खातुन

**नगर उपप्रमुख**
**कलैया उप-महानगरपालिका**
**प्रदेश २**

नगर उपप्रमुख रहिमा नौ जना सन्तानकी एकल आमा हुन् । रहिमाको पति जनयुद्धको ताका मारि एका थिए । त्यतिखेर वहाँ नेपाली काँग्रेसको सक्रिय नेता थिए । यसरी आइपरेको व्यक्तिगत दुःख र शिक्षाको अभावले उपप्रमुख रहिमालाई नेपाली काँग्रेसको सक्रिय सदस्य हुनबाट रोकेन र उनले निर्वाचन पनि जितिन् ।

आफू मुस्लिम महिला भएको कारणले गर्दा पनि उनी मुस्लिम महिलाहरूले पनि सार्वजनिक वृत्तमा सहभागी हुन पाउन् भन्ने चाहना राख्दछिन् र त्यसको लागि उनको उद्देश्य आफ्नो समुदायका महिलाहरूलाई सशक्त बनाउने हो । मुस्लिम समुदायका महिलाहरूको सम्मेलन र सिप बिकास सम्बन्धी कार्यक्रमहरू आयोजना गर्ने पहलकदमी गरेकी छिन् र आफ्नो नेतृत्वलाई उदाहरणीय बनाउने चाहना राख्छिन् ।



# Elected Women Ward Members

# निर्वाचित महिला वडा सदस्यहरू



## Anisha Acharya (Khanal)

Ward Member
Diktel Rupakot Majhuwagadi-15 Ward
Khotang

*Anisha Acharya -an active women leader from Khotang represents Nepal Communist Party and is also the Central Committee Member of NCP's youth wing. She has received various capacity development trainings and is educated till grade 12.*

## अनिषा आचार्य (खनाल)

**वडा सदस्य**
**दिक्तेल रूपाकोट मझुवागढी-१५,**
**खोटाङ्ग**

खोटाङ्गकी सक्रिय महिला नेतृ अनिषा आचार्यले नेपाल कम्युनिष्ट पार्टीको प्रतिनिधित्व गर्नुहुन्छ र उहाँ सो पार्टीको युवा संगठनमा केन्द्रीय समिति सदस्य पनि हुनुहुन्छ । उहाँले क्षमता विकास सम्बन्धी विभिन्न तालिमहरू प्राप्त गर्नुभएको छ भने, उहाँको शिक्षा कक्षा १२ सम्मको छ ।

## Bimala Baudel

Ward Member
Executive member of Municipality,
Ward No.9, Tansen, Lumbini Province

*Bimala is an executive member of Tansen municipality. She also served as ad hoc coordinator of the municipality's economic development committee. Before being elected as a ward member, she worked as the coordinator of ward citizen forum and facilitator of local awareness center, which was initiated by District Coordination Committee. She is an active member of local women's group and manages her family's agrobusiness. Married at the age of 12, Bimala has had her share of struggles and challenges. Inspired by the women in her community's progressive thinking and discussions on inequality and discrimination in society moved her to join the community women's group. She has supported survivors of violence against women in seeking justice. Her vision for future is to contest for ward chair in the upcoming elections.*



## बिमला बौडेल

**वडा सदस्य, र कार्यपालिका सदस्य**
**वडा नं ९**
**तानसेन, लुम्बिनी प्रदेश**

बिमला बौडेल तानसेन नगरपालिकाको कार्यपालिका सदस्य पनि हुन् । उनले नगरपालिकाको आर्थिक विकास समितिको कार्यवाहक संयोजकको कार्यभार पनि सम्हालेकी छिन् । वडा सदस्यमा निर्वाचित हुनु अघि उनी जिल्ला संयोजन समितिले पहल गरेको स्थानीय सचेतना केन्द्रको सहजकर्ता र वडा नागरिक मञ्चको संयोजकको भूमिकामा पनि रहेकी छिन् । उनी स्थानीय महिला समूहको सक्रिय सदस्य हुन् । उनी आफ्नो पारिवारिक कृषि व्यवसायमा पनि क्रियाशील छिन् । बिमलाको विवाह १२ वर्षमा भएको हो र उनले अनेक संघर्ष र चुनौतीहरूको सामना गरेकी छिन् । आफ्नो समुदायका महिलाहरूको प्रगतिशील सोच र समाजमा हुने असमानता र विभेद विरूद्धको छलफलहरूले विमलालाई सामुदायिक महिला समूहमा प्रवेश गर्न प्रेरित गऱ्यो । उनले न्याय खोजिरहेका हिंसाबाट पीडित महिलाहरूलाई सहयोग गरेकी छिन् । उनको भविष्यको लक्ष्य अब आउने चुनावमा वडा अध्यक्षको पदको दावेदार हुनु हो ।



## Bimala Tamang

Ward Member
Kerabari-7
Morang

*Bimala Tamang, an elected women representative from Morang is trained in women's capacity and leadership development. Educated till grade 10, she aims to create self-employment opportunities for women and wants to end child marriage from her community. Bimala is with Nepal Communist Party.*

## बिमला तामाङ्ग

**वडा सदस्य**
**केराबारी-७**
**मोरङ्ग**

मोरङ्गबाट निर्वाचित महिला प्रतिनिधि बिमला तामाङ्ग महिला नेतृत्व तथा क्षमता विकासमा तालिम प्राप्त हुनुहुन्छ । दश कक्षासम्मको शिक्षा प्राप्त गर्नु भएकी उहाँको लक्ष्यमहिलाकालागि स्वरोजगारका अवसर सृजना गर्नु र आफ्नो समुदायबाट बालविवाहअन्त्य गर्नु रहेको छ । बिमलानेपाल कम्युनिष्ट पार्टीसँग आबद्ध हुनुहुन्छ ।



## Chunu Thapa Magar

Ward Member
Dharan Sub-Metropolitan City -12
Sunsari

*Chunu Thapa Magar holds an experience of working as a women representative for past 14 years. Trained in issues such as gender-based violence, she aspires to further build her political career by participating in trainings related to politics. She is with Nepal Communist Party and also aimsto hone her skills, roles and responsibilities as an elected woman representative and work for the betterment of her community. Chunuis also district Vice-chair of Magar Nepal Association and is educated till grade 10.*

## चुनु थापा मगर

**वडा सदस्य**
**धरान उप-महानगरपालिका-१२**
**सुनसरी**

चुनु थापा मगरसँग विगत १४ वर्षदेखि महिला प्रतिनिधिका रूपमा काम गरेको अनुभव छ । लैङ्गिकतामा आधारित हिंसाजस्ता विषयमा तालिम हासिल गर्नुभएकी मगरले राजनीतिसम्बन्धी तालिमहरूमा सहभागी भएर आफ्नो राजनीतिक सक्रियतालाई थप सुदृढ बनाउने लक्ष्य लिनुभएको छ । उहाँ नेपाल कम्युनिष्ट पार्टीसँग आबद्ध हुनुहुन्छ र एक निर्वाचित महिला प्रतिनिधिका रूपमा आफ्नो सीप, भूमिका र जिम्मेवारीलाई अझै निखार्दै आफ्नो समुदायको उत्थानका लागि काम गर्न चाहनुहुन्छ । उहाँ मगर नेपाल संघका जिल्ला उपाध्यक्ष पनि हुनुहुन्छ भने, उहाँले कक्षा १० सम्मको शिक्षा हासिल गर्नुभएको छ ।

## Kamala Khati Basnet

Ward Member
Ward No. 6
Damak, Jhapa, Province 1

*A newbie in party politics, Kamala is a well-known social worker. She has formed women's groups in her community, is an active member of several Cooperatives, and has also served as a coordinator of a local Cooperative. She went against all societal norms when she married a Dalit man. Her inter-caste marriage is the first one in her family. Reflecting on the changes after being locally elected, she shares, "People used to identify me as someone's wife or mother but now I have my own identity. My community recognizes me as their representative because I make sure to raise their concerns". She wants to prepare herself to be a proper candidate for the position of the ward chair in the next election.*



## कमला खाती बस्नेत

**वडा सदस्य**
**वडा नं ६**
**दमक, प्रदेश १**

समाज सेवामा चिरपरिचित नाम हुन् कमला खाती बस्नेत । दलीय राजनीतिमा भने उनी नयाँ हुन् । उनले आफ्नो समुदायमा महिला समूहहरू बनाएकी छिन् । उनी विभिन्न सहकारीका सक्रिय सदस्य हुनुका साथै एक स्थानीय सहकारीको संयोजकको कार्यभार पनि सम्हालि सकेकी छिन् । उनले समाजमा विद्यमान जातीय छुवाछुतको मान्यताको विरूद्धमा गएर दलित पुरूषसँग विवाह गरिन् । उनको परि वारमा यो पहिलो अन्तरजातीय विवाह हो । आफू निर्वाचित भइसकेपछिका परिवर्तन सम्बन्धी विवेचना गर्दा, उनी भन्छिन् "मान्छेहरूले मलाई कसैकी श्रीमती वा आमाको रूपमा चिन्थे तर अब मेरो आफ्नै पहिचान छ । मेरो समुदायले मलाई आफ्नो प्रतिनिधिको रूपमा चिन्छ किनकी म उनीहरूको सरोकारका विषयहरूलाई उठाउने गर्छु" । अब आउने चुनावमा उनी वडा अध्यक्षको सही उम्मेदवारको रूपमा खडा हुने तयारी गर्न चाहन्छिन् ।



## Khadka Maya Parajuli

Ward Member
Judicial Committee Member
Arjundhara-2, Jhapa

*An elected Ward Member and Judicial Committee Member, Khadka Maya Parajuli has an experience of managing cooperatives at the local level in addition to her responsibility of elected women representative. Parajuli is has worked in the operation of local women's group and has received leadership development trainings. She plans to give continuity to her work. Parajuli is from Nepal Communist Party.*

## खड्क माया पराजुली

**वडा सदस्य, न्यायिक समिति सदस्य**
**अर्जुनधारा-२**
**झापा**

वडा सदस्य एवं न्यायिक समितिका सदस्यका रूपमा निर्वाचित हुनुभएकी खड्क माया पराजुली सँग निर्वाचित महिला प्रतिनिधिको जिम्मेवारीका अतिरिक्त स्थानीय तहमा सहकारी व्यवस्थापनको अनुभव पनि रहेको छ । पराजुलीले स्थानीय महिला समूह सञ्चालनमा काम गर्नुका साथै नेतृत्व विकास तालिमहरू पनि प्राप्त गर्नुभएको छ । उहाँ आफ्नो कामलाई निरन्तरता दिन चाहनुहुन्छ । पराजुली नेपाल कम्युनिष्ट पार्टीका प्रतिनिधि हुनुहुन्छ ।



## Manjita B.K.

Ward Member
Sunkoshi-2
Okhaldhunga

*Manjita B.K, a Dalit Ward Member from Okhaldhunga is a secretary of a women's group at the local level. She is educated till grade 10 and is a member of Nepal Communist Party. Manjita is keen in getting more involved into party politics and serve her community.*

## मन्जिता बि.क.

**वडा सदस्य**
**सुनकोशी-२**
**ओखलढुङ्गा**

ओखलढुङ्गाकी दलित वडा सदस्य मन्जिता वि.क. स्थानीय तहको महिला समूहकी सचिव पनि हुनुहुन्छ । उहाँले दश कक्षासम्मको शिक्षा हासिल गर्नुभएको छ भने उहाँ नेपाल कम्युनिष्ट पार्टीसँग आबद्ध हुनुहुन्छ । दलीय राजनीतिमा अझै बढी संलग्न हुने र आफ्नो समुदायको सेवा गर्ने उहाँको चाहना छ ।



## Menuja B.K.

Ward Member
Rawabesi-3
Khotang

*In additional to being a locally elected Ward Member, Menuja is also a school teacher and has been teaching for 2 years. Menuja represents Nepali Congress and is an active member of community forest users' group in her ward. She has participated in capacity development trainings and holds a Bachelor's in Education degree.*

## मेनुजा बि.क.

**वडा सदस्य**
**रावाबेसी-३**
**खोटाङ्ग**

मेनुजा स्थानीय रूपमा निर्वाचित वडा सदस्य हुनुका साथसाथै एक विद्यालयको शिक्षिका पनि हुनुहुन्छ र विगत २ वर्षदेखि उहाँले अध्यापन गर्दै आउनुभएको छ । नेपाली काँग्रेसकी प्रतिनिधि रहनु भएकी मेनुजा आफ्नो वडाको सामुदायिक वन उपभोक्ता समूहको सक्रिय सदस्य पनि हुनुहुन्छ । उहाँ क्षमता विकास तालिमहरूमा सहभागी हुनुभएको छ भने, उहाँले शिक्षा विषयमा स्नातक गर्नुभएको छ ।



## Menuka Acharya
Ward Member
Letang -2
Morang

*Menuka Acharya is a Ward Member and is affiliated with Nepal Communist Party. Educated till grade 12, Acharya is keen in taking leadership position in her society and learning new skills.*

## मेनुका आचार्य
**वडा सदस्य**
**लेटाङ्ग-२**
**मोरङ्ग**

मेनुका आचार्य एक वडा सदस्य हुनुहुन्छ र उहाँ नेपाल कम्युनिष्ट पार्टीसँग आबद्ध हुनुहुन्छ । कक्षा १२ सम्मको शिक्षा प्राप्त गर्नुभएकी मेनुका आफ्नो समाजमा नेतृत्वदायी भूमिका निर्वाह गर्न र नयाँ शीपहरू सिक्नमा रूचि राख्नुहुन्छ ।



## Muna Sarki

Ward Member
Judicial Committee Member
Letang-8, Morang

*Muna Sarki, elected ward member from Morang is also a judicial committee member. Educated till grade 12, Sarki has received trainings relating to capacity development, legal consultation and mediation.*

*Sarki aims to continuously work for social transformation.*

## मुना सार्की

**वडा सदस्य**
**न्यायिक समिति सदस्य**
**लेटाङ्ग-८, मोरङ्ग**

मोरङ्गबाट निर्वाचित हुनुभएकी वडा सदस्य मुना सार्की न्यायिक समितिका सदस्य पनि हुनुहुन्छ । १२ कक्षासम्मको शिक्षा प्राप्त गर्नुभएकी सार्कीले क्षमता विकास, कानूनी परामर्श र मेलमिलाप सम्बन्धी तालिमहरू पाउनुभएको छ ।

सामाजिक रूपान्तरणका लागि निरन्तर काम गर्ने उहाँको लक्ष्य रहेको छ ।

## Nain Kumari Chamar

Ward Member
Ward No. 1, Kalaiya
Bara, Province 2

*Nain Kumari is a founding member of a local organization that works for women's empowerment in Kalaiya. Her interest in social activism grew out of her lived experience as a Dalit woman from the most marginalized corner of Madhesh community. She was heavily criticized and discouraged when she joined politics at the age of 25. Challenging all the staunch cultural norms, she used to participate in various skill-based trainings & community meetings to strengthen her leadership skills. Now she organizes different trainings for women of her community. Due to her persistent nature, Nepali Congress selected her as their candidate for the local election, which she won with a big margin. Nain Kumari wants to continue her work towards reducing violence against Madhesi women.*



## नैन कुमारी चमार

**वडा सदस्य**
**वडा नं १, कलैया**
**बारा, प्रदेश २**

नयन कुमारी कलैयामा महिला सशक्तिकरणको क्षेत्रमा कार्यरत स्थानीय संस्थाकी संस्थापक हुन् । मधेशी समुदायको पनि पिंधमा रहेको मधेशी दलित महिलाको जीवन बाँचेको अनुभवले नै उनलाई सामाजिक मुद्दामा पैरवी गर्ने जाँगर दियो । राजनीतिमा प्रवेश गर्दा उनी २५ वर्षकी थिइन र त्यतिखेर उनले धेरै आलोचना र दुरूत्साहन भोग्नु परेको थियो । साँस्कृतिक मान्यताहरूलाई चुनौती दिँदै उनले विभिन्न शीपमूलक तालिम र सामुदायिक छलफलहरूमा भाग लिने गर्थिन् । हाल उनी आफ्नो समुदायका महिलाहरूको लागि विभिन्न तालिमहरू आयोजना गर्छिन् । निरन्तर प्रयास गरिरहने उनको बानीले गर्दा स्थानीय चुनावको दौरानमा नेपाली काँग्रेसले उनलाई आफ्नो उम्मेदवार बनायो र उनले ठूलो मत प्राप्त गरेर निर्वाचित भइन् । नैन कुमारी मधेशी महिलाहरूको विरूद्ध हुने हिंसाको न्यूनिकरणको लागि निरन्तर काम गर्न चाहन्छिन् ।



## Nita Ghatani

Ward Member
Birtamode-2
Jhapa

*Nita Ghatani from Birtamode-2 Jhapa is an active member of Nepal Communist (NCP) Party. Also Center Secretariat member of All Nepal National Free Student Union (ANNFUS), a student wing of NCP, and District Committee Member of NCP Ghatani has been working for the betterment of vulnerable women and deprived people in her ward as an elected womenrepresentative. Over the period of time, she has learnt to be more accountable towards her roles and responsibilities and plans to work for the leadership and capacity development of women, youth, Dalit women. She visions to encourage more women in political participation. Ghatani hold Bachelor's degree.*

## निता घतानी

**वडा सदस्य**
**बिर्तामोड-२**
**झापा**

बिर्तामोड-२ झापाकी निता घतानी नेपाल कम्युनिष्ट पार्टीकी एक सक्रिय सदस्य हुनुहुन्छ । उहाँ नेपाल कम्युनिष्ट पार्टीको विद्यार्थी संगठन, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)को केन्द्रीय सचिवालय सदस्य र नेपाल कम्युनिष्ट पार्टीका जिल्ला समिति सदस्यपनि हुनुहुन्छ । निर्वाचित महिला प्रतिनिधिका रूपमा, घतानीले आफ्नो वडाका संकटासन्न महिला तथा सुविधाबाट बञ्चित मानिसहरूको उत्थानका लागि काम गर्दै आउनु भएको छ । समयक्रमसँगै उहाँ आफ्नो भूमिका र जिम्मेवारी प्रति थप जवाफदेही बन्न सिक्दै जान चाहनुहुन्छ भने, महिला, युवा, दलित महिलाको नेतृत्व तथा क्षमता विकासमा पनि काम गर्ने उहाँको योजना छ । अझै बढी महिलालाई राजनीतिमा सहभागी हुन उत्प्रेरित गर्ने पनि उहाँको अपेक्षा छ । घतानी स्नातक उतीर्ण हुनुहुन्छ ।



## Punam Kumari Chaudhary

Ward Member
Duhabi-1
Sunsari

*Punam, elected ward member from Sunsari is with Nepal Communist Party and has received leadership development trainings, trainings on legal literacy and public speaking. She is a trained Auxiliary Nurse Midwife and plans to move further ahead in her political journey by working for the people and also taking various trainings relating to political participation.*

## पुनम कुमारी चौधरी

**वडा सदस्य**
**दुहवी-१**
**सुनसरी**

सुनसरीबाट वडा सदस्यमा निर्वाचित हुनुभएकी पुनम नेपाल कम्युनिष्ट पार्टीसँग आबद्ध हुनुहुन्छ । उहाँले नेतृत्व विकास तालिमका साथै कानूनी साक्षरता र सार्वजनिक वक्तृत्वकलामा तालिम प्राप्त गर्नुभएको छ । उहाँ तालिम प्राप्त अ.न.मि हुनुहुन्छ र मानिसहरूका लागि काम गर्दै र राजनीतिक सहभागिता सम्बन्धी विविध तालिमहरू लिँदै आफ्नो राजनीतिक यात्रालाई अझै अगाडि लैजान चाहनुहुन्छ ।



## Radha Adhikari

Ward Member
Molung-2
Okhaldhunga

*Radha, an elected Ward Member is also an Auxiliary Nurse Midwife and is educated till grade 12. Radha is with Nepali Congress and has been part of trainings organized by Nepali Congress. Radha wants to take leadership role at the local level in the future.*

## राधा अधिकारी

**वडा सदस्य**
**मोलुङ्ग-२**
**ओखलढुङ्गा**

निर्वाचित वडा सदस्य रहनुभएकी राधा एक अ.न.मि. पनि हुनुहुन्छ र उहाँले १२ कक्षासम्मको शिक्षा हासिल गर्नुभएको छ । उहाँ नेपाली कंग्रेससँग आबद्ध हुनुहुन्छ र नेपाली कंग्रेसले आयोजना गरेका तालिमहरूमा सहभागी हुनुभएको छ । भविष्यमा राधा स्थानीय तहको नेतृत्वदायी भूमिकामा आउन चाहनुहुन्छ ।



## Rita Chaudhary

Ward Member
Buddhashanti-5
Jhapa

*Rita Chaudhary, elected Ward Member from Jhapa has been actively engaged in various social work and her vision for future is to continue working for equal opportunities and rights of women in her community. Rita is educated till grade 10. Rita is with Nepali Congress.*

## रिता चौधरी

**वडा सदस्य**
**बुद्धशान्ति-५**
**झापा**

झापाबाट निर्वाचित वडा सदस्य रिता चौधरी विभिन्न सामाजिक कार्यमा सक्रिय रूपमा संलग्न रहँदै आउनुभएको छ र भविष्यमा पनि उहाँ आफ्नो समुदायमा महिलाका अधिकार तथा समान अवसरका लागि आफ्नो कामलाई निरन्तरता दिन चाहनुहुन्छ । कक्षा १० सम्मको शिक्षा प्राप्त गर्नुभएकी रिता नेपाली काँग्रेससँग आबद्ध हुनुहुन्छ ।



## Sabita Pariyar

**Ward Member**
**Inaruwa-2**
**Sunsari**

*A Dalit women representative from Inarwua municipality of Sunsari district, Sabita has keen interest in issues relating to gender-based violence and women's development. Educated till grade 10, Sabita plans to do better in politics and work for the rights of Dalit. Sabita is with Nepali Congress. She is keen in exploring the opportunity to enhance her political knowledge and increase her skills and knowledge related to her job.*

## सबिता परियार

**वडा सदस्य**
**इनरूवा-२**
**सुनसरी**

सुनसरी जिल्लाको इनरूवा नगरपालिकाबाट दलित महिला प्रतिनिधिका रूपमा रहनु भएकी सबितालाई लैङ्गिकतामा आधारित हिंसा र महिला विकासका विषयमा विशेष रूचि लाग्छ । दश कक्षासम्मको शिक्षाप्राप्त सबिताको योजना राजनीतिमा अझै सफलता हासिल गर्नु र दलित अधिकारका लागि काम गर्नु रहेको छ । सबिता नेपाली काँग्रेससँग आबद्ध हुनुहुन्छ । उहाँको इच्छा राजनीतिमा आफ्नो ज्ञान बढाउने अवसरको खोजी गर्नु र आफ्नो काम सम्बन्धी सीप तथा ज्ञान बढाउनु रहेको छ ।



## Sarita Bhul

Ward Member
Ward No. 5, Tikapur
Sudurpashichim Province

*Sarita comes from a politically active family. Before being elected as a ward member, she was a teacher and a trainer of community awareness program. She is also part of women's group and community forestry users' group. She has worked in different capacities in several local organizations and also served as the chairperson of Citizens' Awareness Center. Because of her active engagement in social work, several political parties pursued her during the local elections. Known for her strong personality, she is a vocal advocate of Dalit and women's issues. Her future aspiration is to be a national level politician and hopes to be a parliamentarian one day.*

## सरिता भूल

**वडा सदस्य**
**वडा नं ५, टिकापुर**
**सुदुरपश्चिम प्रदेश**

सरिता भूलको सक्रिय राजनीतिक पारिवारिक पृष्ठभूमि छ । वडा सदस्यमा निर्वाचित हुनु अघि उनी शिक्षण गर्थिन् र सामुदायिक सचेतना कार्यक्रमको प्रशिक्षक पनि थिइन् । उनीमहिला समूह र सामुदायिक वन उपभोक्ता समूहमा पनि सम्बद्ध छिन् । उनले विभिन्न स्थानीय संस्थाहरूमा विभिन्न क्षमतामा काम गरेकी छिन् र नागरिक सचेतना केन्द्रको अध्यक्षको कार्यभार पनि सम्हाली सकेकी छिन् । समाज सेवामा उनको सक्रियता देखेर स्थानीय चुनावको दौरानमा विभिन्न र ाजनीतिक पार्टीहरूले उनलाई आफ्नो पार्टीमा लिन चाहेका थिए । सक्षम व्यक्तित्वको रूपमा चिनिएकी सरिताले दलित र महिलाको मुद्दामा बुलन्द आवाज उठाउने गर्छिन् । उनी, भविष्यमा राष्ट्रिय स्तरको नेता र सांसद बन्न चाहन्छिन् ।



## Sarita Tamang

**Ward Member**
**Manebhanjyang-4**
**Okhaldhunga**

*Sarita, an elected Ward Member from Okhaldhunga wants achieve success in politics. Associated with Nepal Communist Party, Sarita is trained in plan formulation at the local level, combating gender-based violence and training relating to uterine prolapse among women. She is educated till grade 10.*

## सरिता तामाङ्ग

**वडा सदस्य**
**मानेभञ्ज्याङ्ग-४**
**ओखलदुङ्गा**

ओखलढुङ्गाबाट निर्वाचित हुनुभएकी सरिता तामाङ्ग राजनीतिमा सफलता प्राप्त गर्न चाहनुहुन्छ । नेपाल कम्युनिष्ट पार्टीसँग आवद्ध सरिताले स्थानीय तहको योजना तर्जुमा, लैङ्गिकतामा आधारित हिंसा विरूद्ध लड्ने र महिलाको पाठेघर खस्ने समस्या सम्बन्धी तालिम प्राप्त गर्नुभएको छ । उहाँले कक्षा १० सम्मको शिक्षा हासिल गर्नुभएको छ ।



## Sita B.K.

Ward Member
Ward No. 9, Waling
Gandaki Province

*Sita is an active member of a local mother's group (Aama Samuha) and has previously worked as a coordinator of a local citizen awareness program. Highlighting the lack of investment made on local representatives, Sita points out that Dalit female ward members still struggle to share their ideas and opinions during public events, even after serving as ward members for last three years. However, Sita, who has completed her high school education, is trusted by her community, and is seen as a capable representative of her ward. As the first step towards professional growth, Sita aspires to become a municipal executive member in the upcoming elections.*

## सीता बि.क.

**वडा सदस्य**
**वडा नं ९, वालिंङ**
**गण्डकी प्रदेश**

सीता बि.क. स्थानीय आमा समूहकी सक्रिय सदस्य हुन् र यस अघि उनले स्थानीय नागरिक सचेतना कार्यक्रममा संयोजकको भूमिका निर्वाह गरेकी छिन् । स्थानीय जनप्रतिनिधिहरूमा लगानी नगरिएको अवस्था उजागर गर्दै सीताले दलित महिलाहरूले वडा सदस्य भएको ३ वर्ष पश्चात पनि सार्वजनिक कार्यक्रमहरूमा आफ्ना विचार र योजनाहरू अगाडी राख्नको लागि गर्नुपर्ने संघर्षलाई औंल्याउनु भयो । उच्च माध्यमिक तहसम्म अध्ययन गरेकी सितालाई उनको समुदायले विश्वास गरेको छ र उनलाई वडाको सक्षम प्रतिनिधिको रूपमा चिनिन्छ । सिताले अब आउने चुनावमा नगरपालिकाको कार्यपालिका सदस्य बन्ने लक्ष्य राखेकी छिन् । यस पदलाई उनले आफ्नो उद्देश्यलाई अगाडी बनाउने पहिलो कडी देखेकी छिन् ।



## Sumina Rai

Ward Member
Rawabesi-3
Khotang

*Sumina Rai is from Khotang and is Chairperson of mother's group in her ward. Educated till grade 10, Sumina has received capacity development training and from Nepal Communist Party.*

## सुमिना राई

**वडा सदस्य**
**रावाबेसी-३**
**खोटाङ्ग**

खोटाङ्गकी सुमिना राई आफ्नो वडाको आमा समूहको अध्यक्ष हुनुहुन्छ । दश कक्षा सम्मको शिक्षा हासिल गर्नुभएकी सुमिनाले क्षमता अभिबृद्धिको तालिम प्राप्त गर्नुभएको छ भने, उहाँ नेपाल कम्युनिष्ट पार्टीसँग आबद्ध हुनुहुन्छ ।

## Tara Nepali

Ward Member
Ward No. 5, Bhimeshwor
Dolakha, Bagmati Province

*35-year-old Tara was a teacher in Bhimeshwor Secondary School, before she was elected as a ward member. She grew up in a politically active family and joined politics when she was in school. She also worked as a coordinator of public awareness program and is actively involved in Mothers' Group (Aama Samuha). Since she got elected in the local elections, she has been active in facilitating identity cards to People with Disability, project monitoring work, and designing livelihood trainings for women. Observing the change that the local election has brought she shares, "As Dalits we often face caste-based discrimination but being a ward member, I have experienced that dignified position and power can change an individual's identity". She regards it as her lifelong work to create a casteless society.*



## तारा नेपाली

**वडा सदस्य**
**वडा नं ५, भिमेश्वर**
**दोलखा, बागमती प्रदेश**

वडा सदस्यमा निर्वाचित हुनु अघि ३५ वर्षीय तारा नेपाली भिमेश्वर माध्यमिक विद्यालयको शिक्षक हुनुहुन्थ्यो । राजनीतिमा सक्रिय रहेको परिवारमा उनी हुर्केकी थिइन् र विद्यालयमा हुँदा नै उनले राजनीतिमा प्रवेश गरिन् । नागरिक सचेतना कार्यक्रमको संयोजक पनि रहिसकेकी उनी हाल आमा समूहमा पनि सक्रिय छिन् । स्थानीय निर्वाचनमा निर्वाचित भइसकेपछी उनले अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण गर्ने कार्य, र महिलाहरूको जीवनयापन सम्बन्धी तालिम तयार गर्न सक्रिय सहजकर्ताको भूमिका खेलिरहेकी छिन् । स्थानीय निर्वाचनले ल्याएको परिर्वतनको विषयमा उनी भन्छिन् "हामी दलितले सधैं जसो जातीय विभेद भोगी रहनुपर्ने हुन्छ तर वडा सदस्य भएपछिको मेरो अनुभवले मर्यादित पद र शक्तिले एक व्यक्तिको पहिचान परिर्वतनगर्दछ भन्ने देखाएको छ"। उनको जीवनको उद्देश्य जातविहिन समाजको निर्माण गर्नु हो ।

## Yamuna Nepali

Ward Member, Ward No. 12
Coordinator, Social Development Committee
Birendranagar Municipality, Karnali Province

*Yamuna sees herself as a representative of her entire community and not only as a Dalit female ward representative. She joined student union at a very young age as she was drawn to activism and politics. She also served as the chairperson for a local organization "Women Association for the Marginalized". At present, she is also the coordinator of social development committee of Birendranagar municipality. Due to her initiative, the budget separated for Dalit community was utilized in creating jobs and skill-based trainings for the community during COVID-19. So far, she has successfully negotiated with the municipality for allocation of 12 projects in her ward. Well-known for her dedicated social service and progressive thinking, Yamuna wants to create an environment which fully accepts Dalit representation in politics and society.*



## यमुना नेपाली

**वडा सदस्य, वडा नं १२**
**संयोजक, सामाजिक विकास समिति**
**विरेन्द्रनगर नगरपालिका, कर्णाली प्रदेश**

यमुनाले आफूलाई दलित महिला वार्ड प्रतिनिधि मात्र नभइ आफ्नो समस्त समुदायको प्रतिनिधि भएको स्पष्ट धारणा राख्छिन् । पैरवी र राजनीति तिर आकर्षित भएकीले उनले सानो उमेरमा नै बिद्यार्थी संगठन प्रवेश गरेकी थिइन् । "सिमान्तकृतको लागि महिला संगठन" नामको स्थानीय संस्थामा उनी अध्यक्ष पनि रहिसके की छिन् । हाल, यमुना विरेन्द्रनगर नगरपालिकाको सामाजिक विकास समितिको संयोजक पनि हुन् । उनको पहलले गर्दा दलित समुदायको लागि छुट् याइएको रकमलाई कोभिड-१९ को दौरान रोजगार को सिर्जना गर्न र समुदायमा शीपमूलक तालिम चलाउनको लागि प्रयोग गरियो । अहिले सम्म, उनले नगरपालिकाद्वारा आफ्नो वडामा १२ परियोजना छुट् याउन सफल भएकी छिन् । समाजसेवामा कटिबद्द र प्रगतिशील सोचाईको व्यक्तिको रूपमा यमुनाको चिनारी बनिसकेको छ । उनको उद्देश्य भनेको राजनीति र समाजमा दलित प्रतिनिधिलाई पूर्ण रूपमा स्वीकार गर्ने वातावरणको सिर्जना गर्नु हो ।